मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल
(प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः क.प्र. । २०८० । ०८१

मितिः २०८० । १० । १४

च.नं.: १२६५

विषयः <u>बेवसाइटमा सूचना प्रकाशन गरिदिने सम्बन्धमा</u> ।

श्री सूचना प्रविधि शाखा,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

मधेश प्रदेश , जनकपुरधाम ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३४१ मिति २०८० । १० । ११ को पत्रसाथ प्राप्त सूचनाहरु -४ (चार) यस कार्यालयको वेवसाईटमा राखिदिनु हुन आदेशानुसार अनुरोध छ ।

२०८०।१०।१४

(मिथिलेश कुमार महतो)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
(संस्कृति सम्पदा शाखा)

पत्र संख्याः- २०८०/८१
च.नं. ३५१

मितिः २०८०/१०/११

विषयः वेभसाइटमा सूचना प्रकाशन गरिदिने ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
कोशी प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
मधेश प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
वाग्मती प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
गण्डकी प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
लुम्बिनी प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
कर्णाली प्रदेश ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सुदूरपश्चिम प्रदेश ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०८०/८१ मा संस्कृति प्रवर्धन कार्यक्रम अन्तर्गत विभिन्न राष्ट्रिय तथा प्रादेशिक पुरस्कारहरु वितरण गर्ने प्रयोजनको लागि विभिन्न मितिमा गोरखापत्र दैनिकमा प्रकाशित सूचनाहरू संलग्न छन् । उक्त सूचनाहरु तहाँ कार्यालयको वेभसाइटमा राखिदिनु हुन तथा सूचना पाटीमा टाँस गरी सहयोग गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

श्री दर्ता/श्री ल.शा.अ.(प्र.)
१०/१४

............................
(लालबहादुर बस्नेत)
शाखा अधिकृत

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

संस्कृति महाशाखा

सिंहदरबार

# राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार दावी सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/२३**

चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका विधामा राष्ट्रिय प्रतिभा पुरस्कार र प्रत्येक विधामा सात वटा प्रदेशबाट एक-एक जनालाई प्रादेशिक प्रतिभा पुरस्कार प्रदान गरिने हुँदा राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कारको लागि देहायको विधा र क्षेत्रमा उदाहरणीय कार्य गरी राष्ट्रका लागि योगदान दिएका व्यक्ति तथा संस्थाहरुले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन/सिफारिस पेश गर्न आह्वान गरी यो सूचना प्रकाशित गरिएको छामापदण्ड तथा कार्यविधि यस मन्त्रायलको Website www.tourism.gov.np मा राखिएको छापुरस्कार सम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको फोन नं. ०१-४२११९०९, ०१-४२११५९६ बाट प्राप्त गर्न सकिने छ।

**१.पुरस्कारका मूल विधा र क्षेत्र:**

मूल विधा, क्षेत्र

क) संस्कृति : संस्कृति, इतिहास, पुरातत्व, समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता,

ख) सङ्गीत तथा नाट्य : नाट्यकला, नृत्यकला, सङ्गीतकला,

ग) ललितकला : चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला,

घ) भाषा एवं साहित्य : राष्ट्र भाषाहरुको अध्ययन अनुसन्धान र तिनमा लेखिएका काव्य, कविता, आख्यान, निबन्ध,नाटक, समालोचना।

**२. सिफारिस प्रक्रिया:**

क) प्रतिभा पुरस्कारका लागि सम्बन्धित विधाको कृति संलग्न राखी संस्थागत वा व्यक्तिगत रुपमा पत्र दिन सक्ने छन।

ख) प्रतिभा पुरस्कारको लागि आवेदन फारम मन्त्रालयको Website www.tourism.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**३. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण वा कागजातहरु:**

(क) व्यक्ति/संस्थाको विवरण: नाम, सम्पर्क ठेगाना, ईमेल र मोबाइल नम्बर, स्थायी लेखा नम्बर (PAN)।

(ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

(ग) पासपोर्ट साइजको २ प्रति फोटो।

(घ) प्रकाशित उत्कृष्ट कृतिहरु (एक-एक प्रति) तथा अन्य सामग्रीको विवरण।

(ङ) अन्य सामग्री प्रकाशन कागजातहरु भए सो समेत।

(च) प्रकाशित कृति नभएको अवस्थामा प्रतिभाको परिचयात्मक अन्य सामग्री।

CS CamScanner

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरस्कार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०९

यस मन्त्रालयको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका देहाय बमोजिमका पुरस्कारहरु वितरण गर्ने कार्यक्रम भएकोले विभिन्न विधा र क्षेत्रमा तोकिए बमोजिमको योगदान पुर्याएका व्यक्ति वा संस्थाहरूबाट निम्न कागजातहरूसहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

## १. बी.पी. कोइराला राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

(क) **राजनीतिक दर्शनः** बी.पी. कोइरालाले अघि सारेका अर्थ राजनीतिक दर्शन, सिद्धान्त, नीति एवं विचारको खोज, अध्ययन तथा अनुसन्धान र लेखन कार्य गरेका वा ती दर्शन नीति र विचारलाई समयसापेक्ष रूपमा नेपालमा लागू गर्न प्राज्ञिक भूमिका निर्वाह गरेको वा अर्थ राजनीतिक क्षेत्रमा खोज, अध्ययन तथा अनुसन्धान, लेखन कार्य मार्फत नेपाली समाजको राजनीतिक एवं आर्थिक रूपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको ।

(ख) **साहित्यिक विदाः** बी.पी. कोइरालाको साहित्यिक कृतिको खोज, अध्ययन तथा अनुसन्धान, अनुवादको माध्यमबाट ती कृतिलाई नेपाली एवं विश्व साहित्यको क्षेत्रमा थप स्थापित गर्न महत्वपूर्ण योगदान गरेको एवं नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान गरेको ।

## २. इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

नेपाली इतिहासको खोजमूलक अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गरी सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरेको वा इतिहास शिरोमणि बाबुराम आचार्यले पुर्याउनु भएको विशेष योगदानको बिषयमा खोज, अध्ययन, अनुसन्धान गरी सो क्षेत्रमा उत्कृष्ट योगदान गरेको व्यक्ति वा संस्था ।

## ३. योगमाया राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

मुलुकको समाज सुधारको लागि सामाजिक कार्यमा सरिक भई महत्वपूर्ण योगदान गर्ने, नेपाली समाजलाई कुरीति मुक्त गरी रूपान्तरणका निम्ति महत्वपूर्ण योगदान गरेको तथा महिला हकहितका बिषयमा उल्लेखनीय कार्य गरेको महिला व्यक्तित्व वा महिला हिंसा र अन्यायबाट नेपाली समाजमा महिलाको हकहितका लागि कानुनीरूपमा सहयोग गरेको वा योगमायाले गरेको विशेष योगदानको बिषयमा खोज, अध्ययन, अनुसन्धान र लेखन कार्यमा संलग्न व्यक्ति वा संस्था ।

## आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण वा कागजातहरूः

(क) **व्यक्ति/संस्थाको विवरणः** नाम, थरः..................आमा/बुवाको नाम (व्यक्तिका हकमा):...................
पति/पत्नीको नाम (व्यक्तिका हकमा):...........................................सम्पर्क ठेगानाः...........................
इमेलः.......................................................फोन/मोबाइलः........................ स्थायी लेखा नं.:..............................

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (ग) व्यक्ति वा संस्थाको बायोडाटा, (घ) पासपोर्ट साईजको २ प्रति फोटो, (ङ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र, (च) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (एकप्रति सम्भव भएसम्म), (छ) प्रकाशित कृति नभएको अवस्थामा अन्य सामग्री प्रकाशन कागजातहरू भए सो समेत ।

**पुनश्चः** पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फाराम यस मन्त्रालयको वेभसाइट www.tourism.gov.np मा डाउनलोड गरी हेर्न र थप जानकारीको लागि मन्त्रालयको फो.नं. ०१-४२११९०९, ९८४१३८७२२८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## पुरस्कार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : मिति २०८०/१०/

यस मन्त्रालयको चालु आ.व. ०८०/८१ स्वीकृत कार्यक्रममा समावेश भएको देहायबमोजिमका पुरस्कार वितरण गरिने भएको हुँदा सम्बन्धित विधा र क्षेत्रमा तोकिएबमोजिम योगदान पुऱ्याएका व्यक्ति वा संस्थाहरूबाट तोकिएको कागजातहरूसहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्रमा यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन/सिफारिस पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फारम यस मन्त्रालयको Website: www.tourism.gov.np मा डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

### १. गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार, २०८०

**क्षेत्र/विधा :** (क) **गोपाल प्रसाद रिमाल राष्ट्रिय काव्य पुरस्कार :** स्फुट कविता र प्रबन्ध काव्यका साथै लामो कविता, गीतिकविता, गीत, गजल आदि छन्दमुक्त पद्य रचना ।

(ख) **गोपाल प्रसाद रिमाल राष्ट्रिय नाटक पुरस्कार :** नाटक लघुनाटक विधासँग सम्बन्धित साहित्यिक रचनाहरु।

### २. महाकवि देवकोटा पुरस्कार, २०८०

**क्षेत्र/विधा:** क) **कविता:** यस विषयक्षेत्र अन्तर्गत स्फुट कविता र प्रबन्ध काव्यका साथै लामो कविता, गीति कविता, गीत, गजल आदि छन्दोबद्ध र छन्दमुक्त पद्य रचना ।

ख) **निबन्ध:** यस विषयक्षेत्र अन्तर्गत ललित भावात्मक निबन्ध, प्राज्ञिक विश्लेषणात्मक तथा अनुसन्धानमूलक समालोचना, वस्तुगत र तार्किक लेख, नियात्रा, संस्मरण, आत्मकथा, अन्तर्वार्ता, निवार्ता, आत्मालाप, वार्तालाप आदि ।

ग) **गद्याख्यान/नाटक :** यस विषयक्षेत्र अन्तर्गत कथा, उपन्यास, लघुनाटक र नाटक ।

घ) **बालसाहित्य/लोकसाहित्य:** यस विषयक्षेत्र अन्तर्गत बालबालिकाहरूका निम्ति उपयोगी कविता, नाटक, आख्यान, निबन्ध, जीवनी, आत्मकथा, नियात्रा र संस्मरणका साथै तिनका बारेमा गरिएका अध्ययन अनुसन्धान पर्दछन् । त्यसै गरी यस विषयक्षेत्र अन्तर्गत लोकसाहित्यिक सामग्रीको संकलन, सम्पादन, गायन, वाचनका साथै तिनको अनुसन्धान ।

ङ) **भाषा साहित्य सेवा:** यस विषयक्षेत्र अन्तर्गत नेपाली लगायत नेपालका भाषाहरु र तिनका साहित्यको संरक्षण तथा सम्बर्द्धनका निम्ति सेवारत व्यक्ति तथा संस्थाद्वारा गरिएका सिर्जनात्मक एवं बौद्धिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्य र अनुवाद तथा साहित्यिक पत्रकारिता आदि ।

### ३. आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार, २०८०

**क्षेत्र/विधा:** नेपाली भाषा, साहित्य अन्तर्गत कविता विधाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्था वा आदिकवि भानुभक्त आचार्यले पुऱ्याउनु भएको विशेष योगदानको विषयमा खोज, अध्ययन, अनुसन्धान र लेखन कार्यमार्फत् नेपाली भाषा, साहित्य (कविता) को क्षेत्रमा उत्कृष्ट योगदान गरेको व्यक्ति वा संस्थालाई एक विधामा पुरस्कार प्रदान गरिनेछ ।

### आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरू

(क) व्यक्ति/संस्थाको विवरण : नाम/थर, आमा/बुबाको नाम, विवाहिता भए पति/पत्नीको नाम

(ख) व्यक्ति वा संस्थाको बायोडाटा, (ग) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर

(घ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (ङ) स्थायी लेखा नम्बर

(च) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (एकप्रति कृति सम्भव भएसम्म) (छ) पासपोर्ट साइजको २ प्रति फोटो

(ज) प्रकाशित कृतिहरु नभएको अवस्थामा प्रतिभाको परिचयात्मक अन्य सामग्री

(झ) बैंक खाता नम्बर (बैंकको नाम र ठेगाना समेत) (ञ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र ।

**आवेदन सिफारिस पठाउने ठेगाना:**

**सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (संस्कृति महाशाखा)**, सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२११९०९, मोवाइल नं. ९८४१७००५२१, इमेल : culture@tourism.gov.np

सिंहदरवार, काठमाडौं

# पुरस्कार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१०/०५**

यस मन्त्रालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका देहाय बमोजिमका पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको छ। उल्लिखित पुरस्कारहरु विभिन्न विधा र क्षेत्रमा तोकिए बमोजिमको योगदान दिएका व्यक्ति तथा संस्थाहरुले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको १ (एक) महिना भित्र यस मन्त्रालयमा आवेदन/सिफारिस पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फारम यस मन्त्रालयको वेबसाइट www.tourism.gov.np मा डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

**क) पुष्पलाल राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) राजनीतिक/सैद्धान्तिक
(ख) इतिहास
(ग) साहित्य, संस्कृति र विज्ञान

**ख) शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) नेपाली तथा नेपाल भाषा, साहित्य, नेपाली संस्कृति एवं इतिहास।

**ग) भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) राजनीतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्र
(ख) दलित मुक्ति आन्दोलनको क्षेत्र
(ग) समाजसुधार अभियानको क्षेत्र
(घ) सीप, कला, शिक्षा, साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुसन्धानको क्षेत्र
(ङ) मानव अधिकारको क्षेत्र

**घ) युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार, २०८०:**

क्षेत्र/विधा: (क) नेपाली, नेपाल तथा अन्य भाषा साहित्य एवं स्वच्छन्दतावादी र प्रगतीवादी कविता

**आवेदन/सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरू**

क) व्यक्ति वा संस्थाको विस्तृत विवरण : नाम/थर, आमा/बुवाको नाम, विवाहित भए पति/पत्निको नाम
ख) व्यक्ति वा संस्थाको बायोडाटा
ग) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर
घ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
ङ) पासपोर्ट साइजको दुइ प्रति फोटो
च) स्थायी लेखा नम्बर
छ) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण (एक प्रति कृति सम्भव भएसम्म)
ज) बैंक खाता नम्बर (बैंकको नाम र ठेगाना समेत)
झ) प्रकाशित कृति नभएको अवस्थामा प्रतिभाको परिचयात्मक अन्य सामग्री
ञ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र।

**द्रव्यष्ट** : पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको प्रयोजनको लागि सीमित रहनेछ। सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानका आधारमा समेत मूल्यांकन गर्न सक्नेछ।

**आवेदन सिफारिस पठाउने ठेगाना**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
संस्कृति महाशाखा,
सिंहदरवार, काठमाडौं।
फोन नं ०१४२११९०९, मोवाइल नं. ९८४११४५११३
इमेल : culture@tourism.gov.np